विक्रम सम्वत् २०८३ साल श्रावण २१ गते (नेपाल सम्वत् ११४६ दिल्लागा ८) गते बसेको थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाका प्रमुख निर्णयहरू।

| क्र.सं. | समिति/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८३, थासाङ गाउँपालिका आकस्मिक कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८३ र थासाङ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८३ पारित गर्ने। |
| २ | सुशासन तथा संस्थागत विकास | जिल्ला दररेटलाई नै पालिकाको दररेटको रूपमा कायम गर्ने। |
| ३ | वन, वातावरण तथा विपद् | अविरल बर्षाका कारण क्षति पुऱ्याएका तपशिल बमोजिमका स्थानमा तत्काल कार्य शुरु गरी खर्च भएको रकम प्रकोप व्यवस्थपान कोषबाट पालिका स्तरीय विपद् व्यवस्थापन समितिको निर्णय सिफारिसका आधारमा छिटोछरितो तरिकाले कार्यालयबाट भुक्तानी दिने निर्णय गरियो । |
| ४ | पूर्वाधार विकास | लेते आधारभूत अस्पतालको निर्माणाधिन भवनको यसपूर्व भए बमोजिमको बजेट सुनिश्चतालाई निरन्तर गरिदिनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौमा अनुरोध गर्ने। |
| ५ | पूर्वाधार विकास | गुरुसाङ्वो-लेते-कालोपानी-लार्जुङ-खन्ती-कोवाङ-टुकुचे वृहत खानेपानी योजना र क्हाङ्ग गुम्वा निर्माण को विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्नका लागि प्रक्रिया अगाडि बढाउने। |
| ६ | वन, वातावरण तथा विपद् | कार्यालयलाई आवश्यक फायर एक्सटिङ्गिवसर खरिद गर्ने र रिफिल गर्ने। |
| ७ | सामाजिक विकास/शिक्षा | विद्यालय सहयोगीको रू. २००००, बालविकास सहजकर्ताहरूको रू. २१००० र विद्यालय सहायकको रु. २२००० तलब कायम गर्ने। |
| ८ | सामाजिक विकास/शिक्षा | श्री जनआदर्श अमरसिंह विद्यालयलाई ६, ज्ञानोदय माध्यमिक विद्यालयलाई ५, श्री जनता आधारभूत विद्यालयलाई ७ र ताग्लुङ आधारभूत विद्यालयलाई २२ कोटाका दरले प्रतिकोटा रू. ३५००/- ले हुन आउने रकम अनुगमन गरी मासिक रूपमा प्रदान गर्ने। |
| ९ | सामाजिक विकास/शिक्षा | +२ मा अध्यापन गराइरहेका स्थानीय र संघीय अनुदानका शिक्षकहरूलाई एकमुष्ट रू. १०,०००।— स्थानीय भत्ता प्रदान गर्ने। |

२०८२/०४/२१

विकाश परियार

प्रमुख प्रशासकीय अधिकृत

बिकाश परियार

प्रमुख प्रशासकीय अधिकृत